# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल।

पत्र संख्याः२०७९/०८०
चलानी नं :—
मिति : २०७९/१२/१९

**पोषण सुधारको लागी महिला सहकारी वा समुहमा अनुदानको प्रस्तावना पेश गर्ने सम्बन्धि सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१९)

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक सहयोगमा यस नरहरिनाथ गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत विपन्न महिला सहकारी वा समुहमा आय आर्जनका लागी सुरुवाति पुँजि अनुदान वितरण कार्यक्रम रहेकोले **महिला सहकारी समुहमा बहुक्षेत्रिय पोषण सम्बन्धि आयमुलक कार्यक्रम कार्यविधि २०७७ दफा ५** बमोजिम यस नरहरिनाथ गाउँपालिका भित्र कार्यक्षेत्र रहेका इच्छुक महिला सहकारी वा समुहले रित पुर्वक तपशिल बमोजिमका कागजात सहित तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र कार्यालय समयमा महिला बालबालिका तथा समाज कल्याण इकाईमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. महिला सहकारी समुहमा बहुक्षेत्रिय पोषण सम्बन्धि आयमुलक कार्यक्रम कार्यविधि २०७७ को दफा ५ को उपदफा २ अनुसूचि-१ बमोजिम निवेदन र प्रस्तावनाको ढाँचा
२. संस्था दर्ता, नविकरण र यस गाउँपालिकामा सूचिकरण भएको प्रमाण पत्रको प्रतिलिपि
३. महिला सहकारीको हकमा आ.व. २०७८/७९ को करचुक्ता गरेको प्रमाण पत्र र लेखापरिक्षण प्रदिवेदनको प्रतिलिपि
४. सम्बन्धित सहकारी वा समुहको व्यक्ति छनौट सहित बैठकको निर्णय प्रतिलिपि
५. महिला समुहको हकमा एक बर्ष भित्र महिला सहकारीमा रुपान्तरण हुने प्रतिवद्धता पत्र
६. सहकारी वा समुहमा अनुदान प्रास गर्ने २५ जना लक्षित व्यक्ति विपन्न समुदाय तथा सुनौला १००० दिनका परिवारका सदस्य हुनु पर्नेछ
७. छनौट भएका लक्षित भएका व्यक्तिले महिला सहकारी समुहमा बहुक्षेत्रिय पोषण सम्बन्धि आयमुलक कार्यक्रम कार्यविधि २०७७ दफा ११ अनुसूचि-४ बमोजिम व्यवसायिक योजना पेश गर्नु पर्ने छ
८. नेपालि नागरिकताको प्रामाणपत्रको प्रतिलिपि
९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
१०. प्रस्ताव पेश गर्न रू १,०००।- को राजश्व तिरेको रसिद अनिवार्य राख्नु पर्ने छ ।
११. म्याद नाघी आएका तथा रित नपुगि आएका निवेदन उपर कुनै कार्वाही हुने छैन ।

**नोटःव्यवसायिक योजनाको प्रस्तावनाको ढाँचा यस नरहरिनाथ गाउँपालिकाको वेभसाइटः naraharinathmun.gov.np र महिला बालबालिका तथा समाज कल्याण इकाईबाट उपलब्ध हुने छ ।**

भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत



CamScanner